# ५ प्रवासीः विदेशिनुपरेका मिसिनेरी

*<u>यस अध्यायका मूल पदहरू</u>:* दानिएल १-१२, यशैया ३९:५-७, दानिएल २:४४, मत्ती २४:१४,१५, उत्पत्ति ४१।

*<u>यस अध्यायको कण्ठ गर्नुपर्ने मूल सारपदः</u>* **"उहाँलाई (येशू) अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।" दानिएल ७:१४।**

**भविष्यवाणीको अध्ययन गर्ने येशूका उपासकहरू भएको हैशियतले सेभेन्थ-डे एडभेन्टिस्टहरूले येशूको सिघ्र आगमनको अपेक्षा गर्दछन्।** उहाँको आगमनले अहिलेका क्षतविक्षत भएको पृथ्वी वा संसारको अन्त हुनेछ। अनि अगमवक्ता दानिएलले चित्रण गरेको अनुसार उहाँको आगमनले परमेश्वरको अनन्त राज्यको स्थापना हुनेछ। दानिएल ७:२७मा यसरी लेखिएको छः "तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र प्रत्येक शासकले उहाँको आराधना र आज्ञापालन गर्नेछ।" हामीहरूको आस्था वा विश्वासको लक्ष्य नै त्यस राज्यमा प्रवेश गर्नु हो। प्रेरित पावलले हिब्रू ११:१६मा त्यस राज्यलाई "उत्तम देश" भनेर सम्बोधन गरेकाछन्। परमेश्वरलाई विश्वास गर्ने सारा युगका भक्तजनहरूले त्यस आउनेवाला राज्यम भरोसा राखेका थिए। त्यस राज्यको निर्माणकर्ता र योजनाकर्ता परमेश्वर नै हुनुहुन्छ (हिब्रू ११:१०)।

तर दानिएलको पुस्तक परमेश्वरको सुसमाचार प्रचारप्रसार गर्न सिकाउने हातेपुस्तक पनि हो। यहि पुस्तकबाट नै आत्मिक अन्धकारमा बसेकाहरूलाई परमेश्वरले उहाँका जनहरूलाई प्रयोग गरेर उहाँको निम्ति साक्षी दिएका थिए भनेर हामी सिक्न सक्दछौं। मानव सृष्टि धर्म र मानव निर्मित मूर्तीहरूलाई "भगवान" भनेर पूजा गर्नेप्रवृत्तिको बिकल्पमा सनातन जीवित परमपिता सृष्टिकर्ताको आराधना गर्ने

यथार्थतालाई परमेश्वरका बफादारी भक्तजनहरूबाट आफ्ना अटल विश्वास तथा आस्थाले प्रदर्शन गरेर उहाँलाई विश्वास गर्ने प्रत्येक जन त्यस अनन्तको राज्यमा स्थान पाउने अवसर छ भनेर देखाएका थिए।

## १. आफ्नो देशबाट पलायन हुनुपरेकाहरू (यशैया ३९:५-७)

यशैया ३९:५-७ र दानिएल १:१-७का पदहरू वर्षौंपछिको अन्तरालमा लेखिएको भएपनि तिनीहरूको बीचमा कसरी सम्बन्ध छ भनेर देखाएको छ। हेर्नुहोस्: "५ तब यशैयाले हिजकियालाई भने, "सर्वशक्तिमान् परमप्रभुको वचन सुन्नुहोस्: ६ त्यो समय निश्चय नै आउनेछ, जब तपाईंको दरबारमा भएका तपाईंका पुर्खाहरूले आजको दिनसम्म सञ्चय गरेका सबै थोक बेबिलोनमा लगिनेछन्, केही पनि छोड़िनेछैन, परमप्रभु भन्नुहुन्छ। ७ तपाईंका कतिपय सन्तान, जन्मिएका तपाईंका रगत र मासु त्यहाँ कैदमा लगिनेछन्, र तिनीहरू बेबिलोनका राजाको महलमा नपुंसक बन्नेछन्।" (यशैया ३९:५-७) र "१ यहूदाका राजा यहोयाकीमका शासनकालको तेस्रो वर्षमा बेबिलोनका राजा नबूकदनेसर यरूशलेममा आएर त्यसलाई घेरे। २ अनि परमप्रभुले परमेश्वरको भवनका केही भाँड़ाकुँड़ाहरूसहित यहूदाका राजा यहोयाकीमलाई तिनको हातमा सुम्पिदिनुभयो। ती भाँड़ाकुँड़ाहरू तिनले बेबिलोनियामा भएको आफ्ना देवताको मन्दिरमा लगे र देवताकै भण्डारमा राखे। ३ तब राजाले प्रवासमा लगिएका इस्राएलीहरूमध्येबाट राजकीय खानदान र सभ्य खानदानका केही जवान मानिसहरू छान्नू भनी तिनका प्रमुख अधिकृत अशपेनजलाई हुकुम गरे। ४ ती जवान मानिसहरू कुनै शारीरिक खोट नभएका, सुन्दर, हरकिसिमका शिक्षा सिक्ने क्षमता भएका, ज्ञानले परिपूर्ण भएका, छिटो सिक्न सक्ने र राजदरबारमा सेवा गर्नलाई योग्य हुनुपर्थ्यो। अशपेनजले उनीहरूलाई बेबिलोनीहरूका* भाषा र साहित्य सिकाउनुपर्थ्यो। ५ राजाले उनीहरूलाई राजदरबारमा खाने गरेका दैनिक खाना र दाखमद्य दिनू भनी अशपेनजलाई हुकुम गरे। उनीहरूलाई तीन वर्षसम्म तालीम दिनुपर्थ्यो, र त्यसपछि उनीहरू राजाको सेवामा प्रवेश गर्नुपर्थ्यो। ६ यीमध्ये कोही यहूदाका कुलका थिए: दानिएल, हनन्याह, मीशाएल र अजर्याह। ७ प्रमुख अधिकृतले तिनीहरूलाई नयाँ नाउँ दिए– दानिएललाई बेलतसजर, हनन्याहलाई शद्रक, मीशाएललाई मेशक र अजर्याहलाई अबेद्नगो।" (दानिएल १:१-७)।

दानिएलको अर्थ "परमेश्वर मेरो न्यायकर्ता हुनुहुन्छ।" आफ्ना मित्रहरूको साथमा दानिएललाई यरुशलेमबाट युद्धवन्दी बनाएर जबरजस्ती हिँडाउँदै बेबिलोनको (आधुनिक इराक) राजधानीमा लगिएको थियो। बेबिलोनका सम्राट् नेवुकदनेजरले यरुशलेममा हमला गरेर हराइदिएका थिए। दानिएलको पुस्तकले बेबिलोन र पर्सियाको राजदरवारको परिसरमा रहनु भनेको कस्तो रहेछ भन्ने उदाहरण दानिएलकै जीवनबाट प्रस्तुत गरिएको छ। तिन वर्षसम्म बेबिलोनको शिक्षादीक्षामा निपुण भएपछि दानिएल सरकारी कर्मचारी भए र राजाको सल्लाहकार पनि भए। परमेश्वरको शक्तिद्वारा दानिएल दासत्वबाट उठेर तत्कालिन विश्वका महाशक्ति राज्यहरू बेबिलोन र पर्सियामा उच्च पदमा नियुक्ति भएर परमेश्वरको लागि बल्दो साक्षी बने।

दानिएलको पुस्तकमा केवल परमेश्वरले दिनुभएको सन्देशहरूको खजानामात्र होइन। विदेशमा इस्राएलको परमेश्वरप्रति बफादार हुँदा कसैको समर्थन र सहयोग नपाएर कतिपय चुनौतीहरू विश्वासीहरूले सामना गर्नुपरेको पाठकहरूले भेट्नेछन्। मन्दिर (चर्च), पुजारी (पास्टर वा चर्चका अगुवाहरू), धार्मिक विधि जस्तै बलिप्रथा र सामुहिक आराधनाको अभावमा पनि आफूले पाएको सत्यप्रति निष्ठावान कसरी हुनसक्दोरहेछ भनेर यस पुस्तकले सौन्दर्यतासाथ चित्रण गरेको छ।

**देहायका पदहरूले दानिएल परमेश्वरको निम्ति महान् तथा विशिष्ट मिसिनेरी वा सुसमाचार प्रचार गर्ने व्यक्तित्वमा उभिन उनको चरित्र कस्तो थियो भनेर देखाउँछन्। हेर्नुहोस्, दानिएल १:८-१३ "तर दानिएलले राजकीय भोजन र दाखमद्य खाएर आफैलाई अशुद्ध नपार्ने निर्णय गरे, र तिनले यसरी आफैलाई अशुद्ध नपार्नलाई प्रमुख अधिकृतसँग अनुमति मागे। ९ अनि परमेश्वरले ती अधिकृतलाई दानिएलप्रति कृपा र सहानुभूति देखाउने तुल्याउनुभयो, १० तर अधिकृतले दानिएललाई भने, "तिमीहरूले खाने र पिउने कुराहरूका सम्बन्धमा मलाई खटाउनुहुने मेरा स्वामी महाराजादेखि म डराउँछु। तिमीहरूका उमेरका अरू जवानहरूभन्दा तिमीहरू उहाँको सामु किन कमसल अवस्थाका देखिनु र? तिमीहरूको कारणले गर्दा महाराजाले मेरो शिर उडाइदिनुहुनेछ।" ११ त्यसपछि दानिएल, हनन्याह, मीशाएल र अजर्याहमाथि खटाइएका सुरक्षाकर्मीलाई दानिएलले भने, १२ "कृपया, तपाईंका दासहरूलाई दश दिनसम्म जाँच्नुहोस्। हामीलाई खानका लागि सागपात र पिउनका लागि**

पानी मात्र दिनुहोस्। १३ त्यसपछि राजकीय खाना खाने जवानहरूसँग हाम्रा चेहरा दाँज्नुहोस् र तपाईंले देख्नुभएअनुसार आफ्ना दासहरूसँग व्यवहार गर्नुहोस्।", दानिएल ५:१२ "यी दानिएल नाउँ गरेका मानिस, जसलाई राजाले बेलतसजर भन्नुहुन्थ्यो, तीव्र मन र ज्ञान र समझ भएका भेट्टाइए र साथै उनले सपनाका अर्थ बताउन, अड्कोहरू फुकाउन र कठिन समस्याहरू हल गर्न पनि सक्थे। दानिएललाई बोलाउनुहोस्, र उनले तपाईंलाई यस लेखको अर्थ बताउनेछन्।", दानिएल ६:४ "तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्, किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै थिए।" र दानिएल ९:१-१९ "अहासूरसका छोरा दाराको प्रथम वर्षमा, जो मादी वंशका थिए र बेबिलोनी राज्यका शासक तुल्याइएका थिए– २ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ। ३ यसकारण उपवाससाथ भाङ्ग्रा ओढ़ेर खरानी धसी प्रार्थना र अन्तर्बिन्ती गर्दै परमप्रभु परमेश्वरतिर फर्केंर्। ४ मैले पाप स्वीकार गर्दै परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरेंः "हे परमप्रभु, महान् र भययोग्य परमेश्वर, जसले उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने सबैसँग प्रेमको करार पूरा गर्नुहुन्छ, ५ हामीले पाप गरेका छौं र गल्ती गरेका छौं। हामी दुष्ट भएका छौं र बागी बनेका छौं, हामी तपाईंका आज्ञा र धार्मिक नियमहरूबाट तर्केका छौं। ६ हामीले तपाईंका सेवक अगमवक्ताहरूका कुरामा ध्यान दिएनौं, जसले तपाईंको नाउँमा हाम्रा राज्यहरू, हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू र देशका सबै मानिसहरूसँग बोलेका थिए। ७ "परमप्रभु, तपाईं धर्मी हुनुहुन्छ, तर तपाईंप्रति भएको विश्वासघातको कारणले सबै देशहरूमा छरपष्ट पारिएका नजिक र टाढ़ा बस्ने, हामी यहूदाका मानिसहरू र यरूशलेम र इस्राएलका जनताहरू लाजले ढाकिएका छौं। ८ हे परमप्रभु, हामी र हाम्रा राजाहरू हाम्रा प्रधानहरू र हाम्रा पिता-पुर्खाहरू लाजले ढाकिएका छौं, किनभने तपाईंको विरुद्धमा हामीले पाप गरेका छौं। ९ हामी उहाँको विरुद्धमा बागी भएका छौं, यद्यपि परमप्रभु हाम्रा परमेश्वर कृपालु र क्षमाशील हुनुहुन्छ।

१० हामीले परमप्रभु हाम्रा परमेश्‍वरका आज्ञा पालन गरेका छैनौं र
उहाँका सेवक अगमवक्ताहरूद्वारा दिइएका नियमहरू पनि मानेका छैनौं।
११ तपाईंको आज्ञापालन गर्न अस्वीकार गरी सम्पूर्ण इस्राएलले तपाईंको
व्यवस्था भङ्ग गरेका छन् र तपाईंदेखि टाढ़ा भएका छन्। "यसकारण
परमेश्‍वरका सेवक मोशाको व्यवस्थामा उल्लिखित सराप र शपथ
गरिएका फैसलाहरू हामीमाथि खन्याइएका छन्, किनभने तपाईंको
विरुद्धमा हामीले पाप गरेका छौं। १२ हामीमाथि ठूलो विपत्ति ल्याएर
हाम्रा विरुद्धमा र हाम्रा शासकहरूका विरुद्धमा बोल्नुभएका वचनहरू
तपाईंले पूरा गर्नुभएको छ। यरूशलेमसित आकाशमुनि कहिल्यै
नगरिएको व्यवहार गरिएको छ। १३ मोशाको व्यवस्थामा लेखिएजस्तै
यी सबै विपत्ति हामीमाथि आएका छन्, तैपनि आफ्ना पापदेखि फर्की
तपाईंको सत्यतालाई ध्यान दिएर हामीले परमप्रभु हाम्रा परमेश्‍वरको कृपा
खोजेका छैनौं। १४ हामीमाथि विपत्ति ल्याउन परमप्रभु अनकनाउनुभएन,
किनभने परमप्रभु हाम्रा परमेश्‍वर उहाँले गर्नुहुने सबै कुरामा धर्मी
हुनुहुन्छ। तापनि हामीले उहाँको आज्ञा मानेका छैनौं। १५ "अब हे
परमप्रभु हाम्रा परमेश्‍वर, जसले आफ्ना जनहरूलाई शक्तिशाली हातले
मिश्रदेशबाट ल्याउनुभयो र आजको दिनसम्म आफ्नो नाम स्थिर
राख्नुभएको छ, हामीले पाप गरेका छौं, हामीले गल्ती गरेका छौं। १६ हे
परमप्रभु, तपाईंका धार्मिक कार्यअनुरूप तपाईंको सहर, तपाईंको पवित्र
डाँड़ा यरूशलेमबाट आफ्नो क्रोध र रीस हटाउनुहोस्। हाम्रा पाप र
हाम्रा पिता-पुर्खाका अपराधले गर्दा यरूशलेम र तपाईंका मानिसहरू हाम्रा
वरिपरिका मानिसहरूका सामु गिल्लाका पात्र बनेका छन्। १७ "अब हे
हाम्रा परमेश्‍वर, आफ्नो दासको प्रार्थना र अन्तर्बिन्ती सुन्नुहोस्। हे
परमप्रभु, तपाईंको आफ्नै खातिर आफ्नो उजाड़ पारिएको पवित्रस्थानमाथि
कृपा-दृष्टि राखिदिनुहोस्। १८ हे परमेश्‍वर, आफ्नो कान थाप्नुहोस् र
आँखा खोल्नुहोस् र तपाईंको नाउँ बोकेको सहरको उजाड़ अवस्था
हेर्नुहोस्। हामी धर्मी छौं भनेर यो बिन्ती गरेका छैनौं, तर तपाईंको महान्
कृपाको कारणले। १९ हे परमप्रभु, सुन्नुहोस्! हे परमप्रभु, क्षमा गर्नुहोस्!
हे परमप्रभु, सुन्नुहोस् र कारबाई गर्नुहोस्। हे मेरा परमेश्‍वर, आफ्नो
खातिर ढिलो नगर्नुहोस्, किनभने तपाईंको सहर र तपाईंका मानिसहरूले
तपाईंको नाउँ बोकेका छन्।"

"सेभेन्थ-डे एडभेन्टिस्ट नाउँ बोकेका प्रत्येक संघसंस्था यस संसारको सेरोफेरोमा मिश्र देश (इजिप्ट)मा पलायन हुनुपरेको युशूफ ब बेबिलोनमा दानिएल र उनका मित्रहरू जस्तो हुनुपर्छ। परमेश्वरकै अगुवाईमा ती मानिसहरू बिदेशमा दासत्वको जीवन बिताउन पुगेका थिए ताकि तिनीहरू सत परमेश्वरको बारेमा थाहा नपाउने राष्ट्रहरूले उहाँको बारेमा आत्मज्ञान सिकुन्। हामीहरूको संसारमा तिनीहरू परमेश्वरको प्रतिनिधित्व गर्न खटाइएको थियो। मूर्ती पूजा गर्ने राष्ट्रहरूको सामु नझुक्ने सामर्थ तिनीहरूले पाएका थिए। तर तिनीहरू तिनीहरूको आस्थामा अडिग हुनुपरेको थियो। स्वर्ग र पृथ्वीका सृष्टिकर्ता परमेश्वरको उपासक बन्ने विशेष सम्मान तिनीहरूले पाएका थिए।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ८, १५३बाट रूपान्तरित।

**विदेशमा युद्धवन्दी भएर जानुपरेको दानिएलले परमेश्वरप्रति विरोधाभास् गरेर हातखुट्टा छोड्नु उनको निम्ति कति सजिलो कुरो थियो होला? हामीहरूले पाएका आत्मज्ञान, विश्वासका वचनहरू र आस्थामा रहन प्रतिवद्धताबाट पछाडि पर्न विभिन्न कमजोर बहानाहरू निकाल्ने सन्दर्भमा दानिएलको अनुकरणीय उदाहरणले हामीलाई के सिकाउँछ, सो सोच्नुहोस्।**

## २. परमेश्वरका साक्षीहरू (दानिएल २:४७)

बेबिलोनका कठित तथा मानव निर्मित देवीदेवताहरूको बिकल्पमा दानिएलले परमपिता सनातन सृष्टिकर्ता परमेश्वरको बारेमा साक्षी दिन अवसर पाएका थिए भनेर दानिएल २मा उल्लेख गरिएको छ। राजा नेबुकनेजरले देखेको सपना र त्यसको अर्थ बेबिलोन देशको कुनै पनि ज्ञानी मानिसहरूले भन्न सकेको थिएन। तर दानिएल र उनका साथीहरू मिलेर प्रार्थना गर्दा परमेश्वरले त्यही सपना दानिएललाई देखाउनुभएको थियो र साथै त्यसको भेदपनि खुलाउनुभएको थियो। आफू र आफ्ना यहूदी मित्रहरूको प्रार्थनाको जवाफ परमेश्वरले दिनुभएकोमा दानिएलले परमेश्वरको मुक्तकंठले यसरी प्रशंसाको प्रार्थना गरेका थिए " सदासर्वदै परमेश्वरको नाउँमा स्तुति होस्। बुद्धि र पराक्रम उहाँकै हुन्। २१ उहाँले नै समय र ऋतुहरू परिवर्तन गर्नुहुन्छ।

उहाँले राजाहरूलाई सिंहासनमा राख्नुहुन्छ र उनीहरूलाई अपदस्थ गर्नुहुन्छ।
उहाँले समझदारहरूलाई बुद्धि दिनुहुन्छ अनि विवेकीहरूलाई ज्ञान दिनुहुन्छ। २२ उहाँले गहिरा र लुकिएका कुराहरू प्रकट गर्नुहुन्छ, उहाँले अन्धकारमा के छ भनी जान्नुहुन्छ, र ज्योतिले उहाँमा वास गर्छ। २३ हे मेरा पिता-पुर्खाका परमेश्वर, तपाईंलाई म धन्यवाद दिँदछु र तपाईंको प्रशंसा गर्दछु, तपाईंले मलाई बुद्धि र शक्ति दिनुभएको छ, हामीले मागेको कुरा तपाईंले मलाई प्रकट गर्नुभयो,
तपाईंले हामीलाई राजाको सपना प्रकट गर्नुभयो।" पछि दानिएलले राजालाई उनको सपना र त्यसको अर्थ बताइदिए। परमेश्वरको महानता र यस संसारका राष्ट्रहरू उहाँको हुकुममा चल्छ भन्ने साक्षी बकैदाकासाथ दानिएलले राजालाई सुनाएका थिए।

**जीवित परमेश्वरको बारेमा सुन्ने अवसर पाउँदा राजाले के आत्मज्ञान सिके भनेर उनको जवाफले बताउँछ? हेर्नहोस् दानिएल २:४७ "४७ राजाले दानिएललाई भने, "साँच्ची नै तिमीहरूका परमेश्वर देवताहरूका पनि परमेश्वर र राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुन्छ, किनभने तिमीले यो रहस्य खोल्न सक्यौ।"**

राजाले सपना देख्दा कसैले पनि उनलाई सहायता गर्न नसकेकोमा उनले सबै बुद्धिजीविहरूलाई संहार गर्न उर्दी दिएको परिवेशमा दानिएलको पनि केही बिकल्प थिएनः कि राजाले सपना भन्नुपर्‍यो कि त नरसंहारमा पर्नुपर्‍यो भनेर दानिएल २मा खुलाएको छ। फेरि दानिएल ३ अध्यायमा अर्को बिपद आएको थियो। राजा नेबुकदनेजरले विश्वको अग्लो सुनको मूर्ती बनाइ सारा जनताले त्यसलाई ढोग्नु भनेर उर्दी दिएको दानिएल अध्याय ३मा उल्लेख गरेको छ। सबैले ढोगे तर दानिएलको तिन जना साथीहरूले नढोग्दा तिनीहरूलाई आगोको भट्टीमा हालेका थिए। यदि तिनीहरू केवल ढोगेको जस्तो गरेर घुँडामात्र टेकेको भए तिनीहरू त्यस भट्टीमा पर्नुपरेको थिएन। तर त्यस भट्टीमा तिनीहरूलाई फ्याँक्दा तिनीहरू नजलेकोमात्र होइन तिनीहरूको साथमा चौठो व्यक्ति पनि राजाले देखेका थिए। त्यो व्यक्ति परमेश्वरको पुत्र थियो। परमेश्वरका ती उपासकहरूले परमेश्वरप्रति बफादार भएको हुनाले तिनीहरूले सत्य परमेश्वरको बारेमा गवाही दिन सकेका थिए।

अचम्मको कुरो त यो छ "कसरी राजा नेबुकदनेजरले चौथो व्यक्ति त्यस आगोको भट्टीमा परमेश्वरको पुत्र जस्तो हुनुहुन्छ भनेर कसरी अनुमान गरे त? राजाको देशमा रहेका यहूदी दासहरूले परमेश्वरको पुत्रको बारेमा गरेको चर्चा उनले सुनेका थिए। आफूहरू आफ्नो देशबाट युद्धवन्दी भएर विदेशीमा आएर दासत्वको जीवन बिताउनुपरेतापनि सारा सृष्टिका मालिक जीवित परमेश्वरको बारेमा आत्मज्ञान पनि आफूहरूसँग ल्याएका थिए।"-एलेन जी ह्वाइट, द एडभेन्ट रिभ्यु एण्ड सब्बथ हेराल्ड, मे ३, १८९२बाट रूपान्तरित।

दानिएल ५ अध्यायमा बेबिलोनको दरवारमा दानिएलको अन्तिम उपस्थिति भएको उल्लेख गरिएको छ। बेबिलोनको अन्तिम राजा बेलशजारले राजकिय भोज दिएका थिए। त्यसबेला मद्यपानले मात्तिएका राजाको सामु एक अदृष्य हातले पर्खालमा यउटा वाक्य लेखेको थियो जुन् कसैले पनि पढ्न सकेन केवल दानिएलले मात्रै। त्यस बाक्यमा मिड र पर्सियाको हातबाट बेबिलोन साम्राज्यको पतन हुनेछ भनेर लेखिएको थियो। दानिएलको तिक्ष्न बुद्धिप्रति राजा बेलशेजार अति प्रभावित भएका थिए। तर राजा असहाय भइसकेको थियो। शत्रुदेशको राजाले तत्कालै उनलाई युद्धवन्दी बनाएर लगेको थियो। दुखलाग्दो कुरो त यो छ कि दानिएलबाट परमेश्वरको बारेमा उनले सुन्ने अवसर पाएको थियो र परमेश्वरको सामु नम्र भएर राज्यलाई चलाउन सक्थे (दानिएल ५:१७-२३)। तर सत्ताले मात्तिएको राजाले परमेश्वरको बारेमा चासो राख्ने अवसरहरूलाई उनले गुमाएका थिए।

**हामीहरूले आफ्नै जीवनलाई हेरेर संसारमा परमेश्वरको निम्ति हामीले कस्तो खालको साक्षी बकिरहेका छौं भनेर आत्मआलोचना गर्नु किन जरुरी छ? त्यसको जवाफ तपाईंले कसरी दिनुहुन्छ?**

## ३. पर्सियामा दानिएल (दानिएल ६:२८)

**पर्सिया (आधुनिक इरान)को राजाले दानिएललाई "जीवित परमेश्वरको सेवक" भनेर सम्बोधन गरेका थिए (दानिएल ६:२०)। राजाले गरेका त्यस सम्बोधनले के आभास् दिइन्छ?**

सम्राट् नेबुदनेजारको वंशपछि पर्सियाको राजाले बेबिलोनमा हमला गरि आफ्नो साम्राज्य बिस्तार गरेका थिए। नयाँ साम्राज्य र

राजाको दरवारमा पनि दानिएलले आफ्नो स्थानलाई कायमै गर्न सफल भएका थिए। त्यतिमात्र नभएर उनको पदोन्नति पनि गरिएको थियो। उनी पर्सिएन साम्राज्यका तिन अध्यक्षहरूमा एक जना हुन पुगे। त्यस साम्राज्यको १२० जना बडा हाकिमहरूले आफ्ना गतिविधिहरूको बारेमा ती अध्यक्षहरूलाई जानकारी दिनुपर्थ्यो। राजा दारिएसले दानिएललाई आफ्नो सारा राज्यको मुख्य राजनैतिक सल्लाहकारमा नियुक्ति गर्न पनि सोचेका थिए। त्यो थाहा पाएर अरू अध्यक्षहरू र बडा हाकिमहरूको दिमागमा दानिएलप्रति डाहा र ईषले अड्डा जमाउन पुगेको थियो। तिनीहरूले यस्तो षडयन्त्र रचेकि राजाले यस्तो कानुन बनाइयोस् जसले गर्दा दानिएललाई थुन्न र मार्न सकियोस्। त्यसमा तिनीहरू झण्डै सफल पनि भए। दानिएललाई सिहँहरूको खोरमा फ्याकियो। तर परमेश्वरको हस्तक्षेपले दानिएल बालबाल बचे जसको फलस्वरुप राजाले दानिएलको परमेश्वरको मुक्तकंठले प्रसंशा गर्दै राष्ट्रिय घोषणा जारि गरे (दानिएल ६:२५२७)।

त्यो विवरण दानिएल ६मा दिइएको छ। त्यस अध्याय पढेर दानिएल राजाको सामु परमेश्वरको निम्ति कस्तो महान् साक्षी बक्न पुगे भनेर सोच्नुहोस्। फेरि राजाले जारि गरेको घोषणामा राजाले परमेश्वरलाई दानिएलाई सिंहको खोरबाट अचम्म तरिकाले बताएकोमामात्र नभएर पहिला नै परमेश्वरको बारेमा कतिको धेरै जानकारी भएको रहेछ भनेर कसरि आभास् दिन्छ? त्यसले आफ्नो दैनिक क्रियाकलापले पनि दानिएलले राजालाई परमेश्वरको बारेमा ज्ञान दिएका थिए भनेर कसरी थहा पाउँछौं? हेर्नुहोस्, दानिएल ६ "१ सम्पूर्ण राज्यको शासन गर्नलाई एक सय बीस जना प्रान्तका बड़ाहाकिमहरू नियुक्त गर्न दारालाई मन लाग्यो। २ तीमाथि तीन जना अध्यक्ष नियुक्त गरिए, जसमध्ये दानिएल एक थिए। राजाको काममा हानि नहोस् भनेर ती प्रान्तका बड़ाहाकिमहरू उनीहरूप्रति उत्तरदायी गराइए। ३ अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे। ४ तब अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूले दानिएलको विरुद्ध अभियोग लगाउनका निम्ति सरकारी कामकारबाईहरूमा तिनको दोष खोज्न लागे, तर त्यसो गर्न उनीहरू असमर्थ भए। उनीहरूले तिनमा कुनै पनि भ्रष्टाचार भेट्टाउन सकेनन्,

किनभने तिनी विश्वासयोग्य थिए, र तिनी न त भ्रष्ट न लापरवाही नै
थिए। ५ अन्तमा ती मानिसहरूले भने, "हामीले यस दानिएलको विरुद्धमा
अभियोगको लागि, उसका परमेश्वरको व्यवस्थासम्बन्धमा बाहेक, कुनै
पनि आधार कहिल्यै पाउन सक्नेछैनौं।" ६ यसकारण अध्यक्षहरू र
प्रान्तका बड़ाहाकिमहरू एउटा समूह भई राजाकहाँ गएर भने, "हे
महाराजा दारा, अमर रहून्! ७ राजकीय अध्यक्षहरू, प्रान्तका
बड़ाहाकिमहरू, इलाका अधिकारीहरू, राज्यपालहरू, र सल्लाहकारहरू,
सबैले यो मन्जूर गरेका छन्, कि राजाले एउटा आदेश निकाल्नुपर्छ र
त्यस आदेशलाई लागू गर्नुपर्छ, जसअनुसार आगामी तीस दिनसम्म
हजूरबाहेक कुनै देवता वा मानिसलाई कसैले प्रार्थना गरे भने, हे महाराजा
त्यस्ता व्यक्ति सिंहको खोरमा फालिनेछन्। ८ अब हे महाराजा, लिखित
रूपमा यो आदेश निकाल्नुहोस्, र खारिज हुन नसक्ने मादी र
फारसीहरूका ऐनबमोजिम यो आदेश बदली हुनेछैन।" ९ यसैकारण राजा
दाराले लिखित रूपमा यो आदेश निकाले।

१० जब दानिएलले त्यो आदेश प्रकाशित भएको थाहा पाए, तिनी
आफ्नो घरको माथिल्लो तलाको कोठामा गए, जहाँ झ्यालहरू
यरूशलेमतिर खुला थिए। पहिलेजस्तै तिनी दिनमा तीन पल्ट घुँड़ा टेकी
परमेश्वरलाई धन्यवाद दिँदै प्रार्थना गर्थे। ११ तब ती मानिसहरू समूह
बनाएर गए र दानिएलले परमेश्वरसँग सहायताको लागि प्रार्थना गरिरहेका
उनीहरूले भेट्टाए। १२ यसकारण उनीहरू राजाकहाँ गए र उनलाई
उनको राजकीय आदेशको बारेमा भने, "हे महाराजा, के आगामी तीस
दिनको अवधिभर जसले हजूरलाई बाहेक अन्य कुनै देवता वा मानिसलाई
प्रार्थना गर्छ, त्यो सिंहको खोरमा फ्याँकिनेछ भनी हजूरले एउटा आदेश
प्रकाशित गर्नुभएको छैन र?" राजाले जवाफ दिए, "हो, मादीहरू र
फारसीहरूका ऐनबमोजिम, जुनचाहिँ खारिज हुन सक्दैन, त्यो आदेश स्थायी
छ।" १३ तब उनीहरूले राजालाई भने, "हे महाराजा, यहूदाबाट
देशनिकाला गरिएकाहरूमध्ये एक जना दानिएलले हजूरको वा हजूरले
लिखित रूपमा जारी गर्नुभएको आदेशको वास्ता गर्दैनन्। उनी अझै पनि
दिनमा तीन पल्ट प्रार्थना गर्दछन्।" १४ जब राजाले यो कुरा सुने, उनी
अत्यन्त दुःखित भए। दानिएललाई छुटकारा दिने उनले निर्णय गरे र
तिनलाई बचाउन सूर्यास्तसम्मै हरप्रयास गरे। १५ त्यसपछि ती
मानिसहरू समूह भएर राजाकहाँ गए र उनलाई भने, "हे महाराजा, याद

गर्नुहोस् कि मादीहरू र फारसीहरूका ऐनबमोजिम राजाको कुनै पनि आदेश वा उर्दी बद्लन सकिँदैन।" १६ यसकारण राजाले हुकुम दिए, र उनीहरूले दानिएललाई लिएर सिंहको खोरभित्र फालिदिए। राजाले दानिएललाई भने, "तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई छुटकारा दिऊन्!" १७ खोरको मुखमा एउटा ढुङ्गा ल्याएर राखियो, र दानिएलको अवस्थामा कुनै परिवर्तन नहोस् भनेर राजाले आफ्नो लालमोहर र उनका भारदारहरूका औँठीहरूको छाप लगाए। १८ तब राजा आफ्नो दरबारमा फर्के र उनको सामु राखिएको खाना नखाई तथा कुनै मनोरञ्जनविना नै उनले त्यो रात बिताए। अनि उनलाई निद्रा लागेन। १९ बिहान झिसमिसेको पहिलो किरणमा नै राजा उठेर आतुरीसाथ सिंहको खोरतिर गए। २० जब उनी सिंहको खोरको नजिक आइपुगे, उनले दानिएललाई वेदनापूर्ण स्वरमा बोलाए, "ए दानिएल, जीवित परमेश्वरका सेवक, के तिमीले निरन्तर सेवा गरेका तिम्रा परमेश्वरले तिमीलाई सिंहहरूबाट बचाउनुभएको छ?" २१ दानिएलले उत्तर दिए, "महाराजा अमर रहून्! २२ मेरा परमेश्वरले आफ्ना स्वर्गदूत पठाउनुभयो, र उहाँले सिंहहरूका मुख थुनिदिनुभयो। तिनीहरूले मलाई कुनै चोट पुर्‍याएका छैनन्, किनभने उहाँको दृष्टिमा म निर्दोष भेट्टाइएँ। महाराजा, हजूरको सामु पनि मैले कुनै गल्ती गरेको छैनँ।" २३ राजा अत्यन्तै खुशी भएर दानिएललाई खोरबाट निकाल्ने आज्ञा दिए। अनि जब दानिएल खोरबाट निकालिए, तिनमा कुनै पनि चोट पाइएन, किनभने तिनले आफ्ना परमेश्वरमाथि भरोसा गरेका थिए।

२४ दानिएललाई झूटो आरोप लगाउने मानिसहरू राजाको हुकुममा भित्र ल्याइए र श्रीमती र नानीहरूसमेत उनीहरू सिंहको खोरमा फ्याँकिए। अनि उनीहरू खोरको भूइँमा नपुग्दै सिंहहरूले उनीहरूमाथि झम्टेर उनीहरूका हड्डीहरूसमेत कर्याककुरुक पारेर खाए। २५ तब राजा दाराले साम्राज्यभित्रका हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूलाई यस्तो लेखेः "तिमीहरूलाई कल्याण होस्! २६ म यो आदेश जारी गर्दछु कि मेरो राज्यभरका मानिसहरूले दानिएलका परमेश्वरको भय मान्नु र आदर गर्नुपर्छ। "किनभने उहाँ जिउँदो परमेश्वर हुनुहुन्छ, र उहाँ सधैँभरि रहनुहुन्छ। उहाँको राज्य नष्ट हुनेछैन,
उहाँका प्रभुत्वको अन्त कहिल्यै हुनेछैन। २७ उहाँ छुटकारा दिनुहुन्छ र बचाउनुहुन्छ; उहाँ स्वर्गमा र पृथ्वीमा आश्चर्यकर्महरू गर्नुहुन्छ। उहाँले

दानिएललाई सिंहहरूको शक्तिबाट छुटकारा दिनुभएको छ।" २८ यसकारण दाराको राज्यकाल र फारसी कोरेसको (साइरस) राज्यकालमा दानिएलको उन्नति भयो।

## ४. दानिएल र परमेश्वरको सनातन अर्थात् अनन्तको राज्य (दानिएल ७:१३,१४)

दानिएल अरू व्यक्तिको सपनाको अर्थमात्र बताएनन्। दानिएल ७ अध्यायदेखि १२ अध्यायसम्ममा उनले देखेका बिभिन्न स्वप्न दर्शनहरूको उल्लेख गरेको छ जहाँ भविष्यमा हुने अतिशक्तिशाली राष्ट्रहरूको **बारेमा प्रकट** गरिएको थियो। यस संसारका कुनै पनि शासकहरूले जे गरेतापनि र शासन चलाउन विभिन्न योजनाहरू बनाएतापनि वा कार्यान्वन गर्न खोजेतापनि त्यसको अन्तिम नियन्त्रण परमेश्वरकै हातमा छ भनेर दानिएलका स्वप्नदर्शनहरूले प्रमाणित गरेको छ। विभिन्न युगका विभिन्न चक्रवर्ती राजा, राष्ट्रध्यक्ष तथा शासकहरूले यस संसारलाई आफ्नो काबुमा राखेर जसरी चलाएतापनि अन्तमा परमेश्वर र उहाँको राज्यले सफलता पाउनेछ र उहाँको पूर्ण विजयको सुनिश्चित गरिएको छ (दानिएल ७:१३,१४)।

**दानिएल ७:१३,१३मा के निर्णायक शब्दहरू प्रयोग गरिएको छ? येशूभक्तहरूले सारा संसारभरि सुसमाचार फैलाउने अवधारणालाई ती पदहरूले कसरी पुष्टि गरेको पाइन्छ? हेर्नुहोस्: "१३ राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।"**

ती पदहरूमा जेको बारेमा चर्चा गरिरहेतापनि त्यसमा मूल विषयवस्तुचाहीँ परमेश्वरको आउनेवाला अनन्त राज्यको बारेमा खुलासा गरिएको छ। फेरि येशूको दोस्रो आगमन पूर्व त्यो राज्य आउँछ भनिएको छैन। आफू दोस्रो पल्ट महिमाका साथ आउने महत्त्वपूर्ण विषयलाई येशू आफैले कसरी सम्बोधन गर्नुभएको थियो भनेर मत्ती २४को केही अंशहरूमा यसरी दिइएको छ "१४ अनि राज्यको यो

सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ। १५ "यसकारण जब तिमीहरूले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खड़ा भएको देखौला (पाठकले बुझोस्), ... 26 "यदि तिनीहरूले तिमीहरूलाई 'हेर, उनी उजाड-स्थानमा छन्' भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि 'हेर, उनी भित्री कोठाहरूमा छन्' भने पनि विश्वास नगर। 27 किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। 28 जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरू पनि जम्मा हुन्छन्।"

युगको अन्त्यको बारेमा येशूले गर्नुभएको मत्ती २४को भविष्यवाणीसँग दानिएलको भविष्यवाणी जोडिएको छ। आफ्नै दिन र त्यसपछि हुने " दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक" (दानिएल ११:३१, १२:११) जोरतोरका साथ कार्यन्वन हुनेछ भनेर येशूले थप व्याख्या गर्नुभएको थियो। त्यसको अर्थ यो हो कि येशूले दानिएलको कितावमा उल्लेख गरिएको यस संसारको अन्त्यमा हुने घट्नाहरूसँग घनिष्ठ सम्बन्ध रहेको बताएकोमा अचम्म मान्नु नपर्ने देखाउँछ। किनभने दानिएलले धेरै पल्ट संसारको अन्तको बारेमा औँल्याएका थिए (दानिएल ८:१७,१९, दानिएल ११:३५, दानिएल १२:४,१३ आदि)। र येशूको आफ्नै निश्कर्षमा यस संसारको अन्त तबसम्म हुन्न जबसम्म सारा विश्वमा परमेश्वरको राज्यको सुसमाचार प्रचार गरिन्दैन (मत्ती २४:१४)।

**विश्वका केही व्यक्तिहरूले मात्र येशूको बारेमा जानकारी पाउँदैमा उहाँको आगमन हुँदैन तर उहाँको आगमन हुन सारा संसारमा सुसमचार फैलाउनै पर्छ। त्यो सुसमाचार फैलाउन तपाईं र मलाई सुम्पिएको छ। तर कतिले भन्ला हामीले आफ्नो काम नगरिकन येशू आउनुहुन्न। यस परिप्रेक्ष्यमा येशूको आगमनको समयलाई हामीले कसरी बुझ्ने?**

## ५. परमेश्वरका शुभसन्देश बोकेका अरू प्रवासीहरू (उत्पत्ति ४१)

आफ्नो देशबाट विदेशमा पलायन हुनुपरेका दानिएल इस्राएली अर्थात् यहूदी थिए भने उनी जस्तै अरू पनि थिए भनेर बाइबलले बताएको छ। युशूफ र मोसा इजिप्ट अर्थात् मिश्रदेशमा प्रवासी थिए भने नेहमिया बेबिलोनमा (आधुनिक इराक) र एस्थर पर्सियामा

(आधुनिक इरान) थिए। विदेशमा एक्लो भएतापनि परमेश्वरको नाउँमा बफादार भएर बाँच्न सकिन्छ भनेर तिनीहरूको जीवन कहानीले बताउँछ। उनीहरूलाई साथ दिने अरू भक्त वा आफन्तहरू थिएन। परमेश्वरको अगुवाईमा बिदेशमा पनि उच्च पदहरू उहाँका भक्तहरूले ओगट्न सक्छन् भनेर तिनीहरूले प्रमाणित गरेका छन्। आफ्ना देश तथा गाउँघरको सहज र मिल्दोजुल्दो वातावरणबाट अलगिएर बिदेशमा प्रतिकुल धार्मिक, राजनैतिक र सामाजिक वातावरणको बाबजुद पनि सफल, सृजनात्मक, कुशल र सम्पन्न जीवन तिनीहरूले बिताएका थिए। तिनीहरू बिदेशमा पलायन हुनुपरेतापनि हिब्रू तथा यहूदी समाजका बफादारी सदस्यहरू थिए। साथै तिनीहरू इस्राएलको परमेश्वरको निम्ति बिदेशमा असल मिसिनेरी अर्थात् शुभसन्देश बोकेका जनहरू थिए।

बिदेशमा पलायन हुनु भनेका कतिपय समयमा चुपचाप धर्मात्माको जीवन बिताउनु पनि हुन सक्छ। र कहिलेकाहीँ परमेश्वरको निम्ति सुरो भएर बोल्नु र उहाँको निष्ठामा बलियो भएर उभिनु पनि पर्ने हुन्छ। एस्थर र दानिएलको जीवनमा ती दुवै गुणहरू भएको हामी देख्छौँ। तिनीहरूलाई तुलनात्मक रूपमा हेरौँः

| एस्थर | दानिएल |
|---|---|
| १. आवश्यक परेको बेलामा प्रकट नगरुञ्जेल उनी यहूदी थिइन् भनेर उनले कसैलाई थाहा दिएन। | १. उनी यहूदी हुन् भनेर राजालाई समेत थाहा थियो। |
| २. आफ्नो आस्था र धर्मलाई आफूमै राखिन् तर आवश्यक परेको बेलामा आफू को हो भनेर प्रकट गरिन्। | २. आफ्नो धर्म र आस्थालाई अरूको सामु सुरूदेखि नै देखाएका थिए। |
| ३. परमेश्वरले उनलाई र उनको परिवारलाई सुरक्षा गर्नुभयो। | ३. परमेश्वरले उनलाई र उनका मित्रहरूलाई सुरक्षा गर्नुभयो। |
| ४. सम्राटको सामु आफू र आफ्ना जनहरूलाई बचाउन उनी को हो भनेर साक्षी बकिन्। | ४. आफ्नो र आफ्नो आस्थामा नलागेका वा धर्ममा नलागेका मानिसहरूलाई बचाउन उनले उच्च अर्थात् राजाको सामु परमेश्वरको निम्ति साक्षी भएर देखाए। |
| ५. धार्मिक स्वतन्त्रताको स्थापना | ५. यरुशलेमको मन्दिरको |

| | |
|---|---|
| गरिन् र सानो धार्मिक समूहले आफ्नो सुरक्षा आफै गर्ने अधिकारको स्थापना गरिन्। | पुनर्निर्माण गर्न राजा साइरसलाई अप्रत्यक्षरूपमा प्रभाव पारे। |

युसूफले मिश्रबासीहरूलाई आफू सत्य र जीवित परमेश्वरको उपासक हुँ भनेर गवाही दिएका थिए। उनको कथा बेबिलोनमा दानिएल र उनका मित्रहरूका कथाहरूसँग कसरी मिल्दोजुल्दो छ, हेर्नुहोस् उत्पत्ति ४१, "१
यसको पूरा दुई वर्षपछि फारोले एउटा सपना देखे। सपनामा उनी नील
नदीको किनारमा उभिरहेका थिए। २ नील नदीबाट सात वटा खूब
सप्रेका मोटा-मोटा गाईहरू निस्केर आए, र काँसको घारीमा चर्न लागे।
३ त्यसपछि अरू सात वटा हड्डी र छाला मात्र भएका दुब्ला-दुब्ला
गाईहरू नील नदीबाट तिनीहरूका पछिपछि निस्के, र नील नदीको
किनारमा उभिरहेका पहिलेका गाईहरूसँगै उभिए। ४ ती हड्डी र छाला
मात्र भएका दुब्ला-दुब्ला गाईहरूले ती सात वटा सप्रेका मोटा-मोटा
गाईहरूलाई खाइहाले। अनि फारो ब्यूँझे। ५ त्यसपछि उनी फेरि
निदाए, र अर्को एउटा सपना देखे। सात वटा भरिला र असल अनाजका
बाला एउटै डाँठमा उम्रिरहेका थिए। ६ त्यसपछि सेप्रा र पूर्वीय बतासले
ओइलाएका अरू सात वटा अन्नका बालाहरू पसाए। ७ अनि ती सेप्रा
बालाहरूले ती सात वटा असल र भरिला बालाहरूलाई निलिहाले। अनि
फारो ब्यूँझे। त्यो सपना रहेछ भनी उनलाई थाहा भयो। ८ बिहान
उनको हृदयमा भारी चिन्ता पर्‍यो, अनि उनले मिश्रका सबै जादूगर र
त्यहाँका सबै ज्ञानी पुरुषहरूलाई बोलाए। फारोले तिनीहरूलाई आफ्ना
सपना बताए। तर फारोलाई सपनाको अर्थ खोलिदिने त्यहाँ कोही भएन।
९ तब ती मुख्य पियाउनेले फारोलाई भने, "मेरो भूल आज मलाई थाहा
भयो। १० फारोले आफ्ना नोकरहरूसँग रिसानी भएर मलाई र मुख्य
पकाउनेलाई अङ्गरक्षकका कप्तानको कैदखानामा राख्नुहुँदा ११ एउटै
रात उनले र मैले आफ्नो-आफ्नै अर्थ भएका सपना देखेका थियौं। १२
त्यहाँ अङ्गरक्षकका कप्तानको एकजना जवान हिब्रू नोकर हामीसँग थियो,
र जब हामीले त्यसलाई हाम्रा सपना बतायौं, हामी दुवैको आफ्नो-आफ्नो
सपनाअनुसार सपनाको अर्थ त्यसले हामीलाई खोलिदियो। १३ त्यसले
हामीलाई जस्तो अर्थ खोलेको थियो, त्यस्तै हुनआयो। म आफ्नो काममा
फेरि नियुक्त भएँ, तर त्यो मुख्य पकाउनेचाहिँ झुण्ड्याइयो।" १४
यसैकारण फारोले योसेफलाई बोलाउन पठाए, र उनीहरूले तिनलाई

झ्यालखानबाट निकालेर ल्याए। तिनले दाह्री र कपाल खौरे, र लुगा फेरे। अनि तिनी फारोको सामुन्ने हाजिर भए। १५ फारोले योसेफलाई भने, "मैले एउटा सपना देखें। तर यहाँ कसैले त्यसको अर्थ बताउन सकेन। मैले तिम्रो विषयमा सुनें, कि सपना सुनेपछि तिमीले अर्थ खोल्न सक्छौ रे।" १६ योसेफले फारोलाई भने, "यस्तो ज्ञान त ममा छैन। तर परमेश्वरले फारोलाई यथार्थ उत्तर दिनुहुन्छ।" १७ तब फारोले योसेफलाई भने, "मेरो सपनामा म नील नदीको किनारमा उभिरहेको थिएँ। १८ अनि सात वटा खूब सप्रेका मोटा गाईहरू नील नदीबाट निस्केर काँसको घारीमा चर्न लागे। १९ त्यसपछि निर्धा र हड्डी र छाला मात्र भएका दुब्ला-दुब्ला, मैले मिश्रमा कहिल्यै नदेखेका गाईहरू तिनका पछि लागे। २० ती हड्डी र छाला मात्र भएका दुब्ला गाईहरूले पहिलेका सात वटा सप्रेका मोटा-मोटा गाईहरूलाई खाइहाले। २१ तर तिनीहरूले ती सात वटालाई खाइसकेपछि पनि तिनीहरूले खाए भनेर कसैले भन्न सक्दैनथियो, किनभने तिनीहरू अझै पनि पहिलेजस्तै दुब्लै थिए। तब म ब्यूँझे। २२ मैले मेरो दोस्रो सपनामा यो पनि देखें– एउटा डाँठमा सात वटा भरिला र असल बाला पसाए। २३ फेरि ओइलाएका, सेप्रा र पूर्वीय बतासले हानेका सात वटा बालाहरू त्यसपछि पसाए। २४ ती सेप्रा बालाहरूले ती सात वटा असल बालाहरूलाई निलिहाले। मैले जादूगरहरूलाई पनि यो सपना बताएँ, तर मलाई यसको अर्थ खोलिदिन कसैले पनि सकेन।" २५ तब योसेफले फारोलाई भने, "फारोका सपनाहरू एउटै हो। परमेश्वरले जे गर्न लाग्नुभएको छ सो फारोलाई प्रकट गर्नुभएको छ। २६ ती सात वटा खूब सप्रेका मोटा-मोटा गाईहरू सात वर्ष, र ती सात वटा असल बालाहरू पनि सात वर्ष नै हुन्। सपना एउटै हो। २७ तिनका पछिपछि आउने हड्डी र छाला मात्र भएका दुब्ला गाईहरू सात वर्ष हुन्। र ती सात वटा पूर्वीय बतासले हानेका सेप्रा बालाहरू पनि अनिकालका सात वर्ष हुन्। २८ "यो मैले फारोलाई निवेदन गरेजस्तै हो– आफूले गर्न लाग्नुभएको कार्य फारोलाई परमेश्वरले देखाउनुभएको हो। २९ मिश्रदेशभरि जताततै सात वर्षसम्म ठूलो सहकाल हुनेछ, ३० तर त्यसपछि अनिकालका सात वर्ष आउनेछन्, र मिश्रभरि त्यो सहकालको समय बिर्सिनेछ, र अनिकालले देश स्वाहा पार्नेछ। ३१ पछिबाट आउने अनिकालले गर्दा देशमा भएको सहकालको यादै रहनेछैन, किनभने त्यो अनिकाल अति भयानक हुनेछ। ३२ फारोको

यो सपना दोहोरिएको अर्थचाहिँ यो परमेश्‍वरले निर्णय गरिसक्नुभएको छ,
र परमेश्‍वरले चाँड़ै नै पूरा गर्नुहुनेछ। ३३ यसकारण अब फारोले
एउटा चतुर र बुद्धिमान् मानिस छानेर सारा मिश्रदेशमा अधिकार चलाउन
नियुक्त गर्नुहोस्। ३४ फारोबाट सहकालका सात वर्षसम्म मिश्रदेशका
उब्जनीको पाँचौं हिस्सा उठाउनलाई देशमा कामदारीहरू नियुक्त होऊन्।
३५ तिनीहरूले आउने सहकालका वर्षहरूका सबै अनाजहरू जम्मा
गरून्, अनि सहर-सहरमा खानका निम्ति फारोको अख्तियारमा अनाजहरू
थुपारून् र ती सञ्चय गरून्। ३६ अनिकालले देश विनाश हुन नपाओस्
भनी मिश्रदेशमा परिआउने ती सात वर्षको अनिकालको निम्ति देशको
लागि ती अनाजहरू सुरक्षित राखिऊन्।"
३७ यो सुझाव फारो र उनका सारा अधिकारीहरूलाई मन पर्‍यो। ३८
अनि फारोले उनीहरूलाई भने, "यिनीजस्तो परमेश्‍वरका आत्मा भएको
अन्य कुन मानिस हामी पाउन सक्छौं?" ३९ तब फारोले योसेफलाई
भने, "परमेश्‍वरले तिमीलाई सबै कुरा देखाइदिनुभएको छ, र तिमीजस्तो
चतुर र बुद्धिमान् मानिस अरू छैन। ४० यसकारण मेरो महलको
अख्तियार चलाउने तिमी नै भयौ, र तिम्रै आज्ञाअनुसार मेरो समस्त प्रजा
चल्नेछ। केवल सिंहासनको सम्बन्धमा मात्र म तिमीभन्दा माथि
हुनेछु।" ४१ अनि फारोले योसेफलाई भने, "हेर, मैले तिमीलाई सम्पूर्ण
मिश्रदेशमाथि अधिकार दिएको छु।" ४२ तब फारोले आफ्नो छाप-औंठी
आफ्नो औंलाबाट फुकालेर योसेफको औंलामा लगाइदिए, र तिनलाई
मलमलको लुगा पहिराइदिए, र तिनको गलामा सुनको सिक्री लगाइदिए।
४३ तिनलाई फारोले आफ्नो दोस्रो प्रशासकझैं रथमा सवारी गराए।
मानिसहरू तिनको अगिअगि "घुँड़ा टेकेर झुक" भनी कराउँदै हिँड़े।
यसरी फारोले तिनलाई सम्पूर्ण मिश्रदेशमाथि अधिकार दिए। ४४
फारोले फेरि पनि योसेफलाई भने, "म फारो हुँ, तर म यो भन्दछु कि
तिम्रो इच्छाबाहेक अरू कुनै मानिसले मिश्रदेशभरि केही गर्न पाउनेछैन।"
४५ फारोले योसेफको नाउँ सापनत-पानेह राखे, र उनले तिनलाई
ओनका पूजाहारी पोतीपेराकी छोरी आसनतसँग विवाह गरिदिए।
त्यसपछि योसेफ मिश्रभरि दौड़ाहा गर्न लागे। ४६ मिश्रका राजा फारोको
राजसेवामा नियुक्त हुँदा योसेफ तीस वर्ष पुगेका थिए। अनि योसेफ
फारोको सम्मुखबाट निस्केर सारा मिश्रदेशभरि दौड़ाहा गर्न लागे। ४७
सहकालका सात वर्षसम्म जमिनले प्रशस्त उब्जनी दियो। ४८ तिनले

सहकालका सात वर्षसम्म मिश्रका सबै अन्न जम्मा गरे, र सहर-सहरमा अनाजहरू थन्क्याए। तिनले हरेक सहरमा वरिपरिका खेतहरूका अनाज थन्क्याएर राखे। ४९ योसेफले समुद्रका बालुवासरी प्रशस्त मात्रामा अनाजहरू सञ्चय गरे, यहाँसम्म कि ती अघोर प्रशस्त भएको कारणले तिनले हिसाब राख्न पनि छोड़िदिए। ५० अनिकालका वर्ष आउन अघि ओनका पूजाहारी पोतीपेराकी छोरी आसनतबाट योसेफका दुई छोराहरू जन्मिसकेका थिए। ५१ जेठाको नाउँ योसेफले मनश्शे राखे, र तिनले भने, "परमेश्वरले मेरा सबै कष्ट र मेरा बाबुका घरको सम्झना मलाई बिर्साउनुभएको छ।" ५२ अर्काको नाउँ तिनले एफ्राइम राखे, र तिनले भने, "परमेश्वरले मेरो कष्टको देशमा मलाई फलिफाप गराउनुभएको छ।" ५३ मिश्रको सात वर्षको ठूलो सहकालको अन्त भयो। ५४ तब योसेफले भनेझैं अनिकालका सात वर्ष आउन लाग्यो। सबै देश-देशमा अनिकाल पऱ्यो, तर सारा मिश्रमा चाहिँ अन्न थियो। ५५ जब सारा मिश्र अनिकालले पीडित भयो, तब प्रजाहरूले फारोसँग अनाजको निम्ति बिन्ती चढ़ाए। फारोले सबै मिश्रीहरूलाई भने, "योसेफकहाँ जाओ। तिनले तिमीहरूलाई जे गर्नु भन्छन् त्यही गर।" ५६ जब सारा देशभरि अनिकाल पऱ्यो, तब योसेफले सबै धनसारहरू खोलेर सबै मिश्रीहरूलाई अनाज बेच्न सुरु गरे, किनकि मिश्रभरि घोर अनिकाल परेको थियो। ५७ यसैले सबै देशका मानिसहरू मिश्रमा योसेफकहाँ अनाज किन्न आए। किनभने पृथ्वीभरि नै भयङ्कर अनिकाल परेको थियो।"

तपाईं जहाँ भएतापनि तपाईं परमेश्वरको पक्षमा उभिरहनुभएको छ भनेर तपाईंको विश्वासको पहिचान कसरी गराउने? के तपाईं चुपचाप वा सक्रिय रूपमा परमेश्वरको निम्ति गवाही दिइरहनुभएको छ? तपाईंले के भन्न र गर्न सक्नुहुन्छ जसले गर्दा हाम्रो परमेश्वरको भलो र प्रेमको बारेमा अझ प्रभावकारीरूपमा अरूको हृदयमा प्रभाव पार्न सक्नुहुन्छ?

## उपसंहार:

**थप जानकारीः** "ठूला जनसमूहलाई परमेश्वरको निम्ति सेवा गर्न बोलाउनेछ। सारा संसार सुसमाचारको निम्ति ढोका खोलिएको छ।...हाम्रो संसारको प्रत्येक भागबाट पापले पिडित मानिसहरूको हृदयबाट प्रेमको परमेश्वरको बारेमा आत्मज्ञान पाउन चित्कार गरिनेछ।...तिनीहरूको चित्कारको जवाफ दिन परमेश्वरको आत्मज्ञान पाएका हामीहरूमा भर पर्छ। त्यस सङ्कटको जवाफ दिने जिम्मा

सुसाचारको ज्योति पाएका प्रत्येक घर, प्रत्येक स्कुल, प्रत्येक बाबुआमा, प्रत्येक शिक्षक र युवायुवतीलाई सुम्पिएको छ। विदेशमा यहूदीहरूको इतिहासमा महा सङ्कट परेको बेलामा त्यही प्रश्न एस्थरलाई सोधेका थिए। त्यो प्रश्न थियो, "हुनसक्छ, कसलाई थाहा छ र यस्तो सङ्कटको बेलामा राहत पाउन तपाईं यस राज्यमा आउनुभएको होला?"-एलेन जी ह्वाइट, *द एडभेन्टिस्ट होम,* पृ. ४८४, ४८५बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. दानिएल २,७,८ पढ्नुहोस् र त्यसमा लेखिएका भविष्यवाणीहरूको बारेमा चिन्तन गर्नुहोस्। बाइबल सधैं सही छ र भविष्यको बारेमा परमेश्वरलाई सबै थाहा छ भनेर ती अध्यायहरूले कसरी प्रभावकारी रूपमा देखाउँदछ? ती अध्यायहरूमा चार मध्ये ३ प्रमूख राज्यहरूको नाउँद्वारा नै सम्बोधन गरिएको छ। परमेश्वरको वचनमा भरपर्न र हाम्रो निम्ति दिएका प्रतिज्ञाहरूमा भरपर्न ती भविष्यवाणीहरूबाट हामी कसरी सिक्छौं?

आ. दानिएल र युसूफका कथाहरूमा केही यस्ता अलौकिक कामहरू भएका थिए जसले गर्दा प्रवासमा लागेका मानिसहरूले परमेश्वरमा विश्वास नगर्नेहरूको सामु प्रभावकारी साक्षी बनेका थिए। फेरि त्यसबखत ती प्रभासीहरूमा के यस्ता चरित्रहरू थिए जसले गर्दा तिनीहरूको साक्षी प्रभावकारी भए? अचम्म र अलौकिक कामहरूभन्दा परमेश्वरको सत्यतालाई प्रकट गर्न र उहाँले हाम्रो निम्ति के गर्न सक्नुहुन्छ भनेर हामीहरूको चरित्र र उहाँप्रति बफादार रह्यो भने झन कतिको प्रभावकारी हुनसक्छ?

इ. अगाडि हामीले हेर्‍यौं सुसमाचार सारा संसारमा फैलिनुपर्छ अनि मात्र यस जगतको अन्त हुन्छ। त्यसको अर्थ परमेश्वरले हामीलाई खटाउनुभएको काम सम्पन्न नहुञ्जेल येशूको आगमन हुँदैन?